नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

चलानी नं.:-

मितिः २०८३/०३/१९

## प्रेस विज्ञप्ति

आज मिति २०८३ साल असार १९ गतेदेखि सिंहदरबार परिसरमा कार्यरत निजामती कर्मचारीलाई सहज स्वास्थ्य सेवा उपलव्ध गराउने उद्देश्यले निजामती कर्मचारी अस्पतालको सेवा इकाई साविक सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भवनको तल्लो तलामा स्थापना गरिएको छ।

उक्त सेवा इकाईमार्फत निजामती कर्मचारी तथा सेवाग्राहीलाई लक्षित गरी सामान्य स्वास्थ्य परीक्षण, रगत परीक्षण लगायतका आधारभूत स्वास्थ्य सेवाहरू आजैदेखि नियमित रूपमा सञ्चालनमा ल्याइएको छ।

निजामती कर्मचारीहरूको स्वास्थ्य परीक्षण तथा उपचार सेवामा सहज पहुँच सुनिश्चित गर्ने एवं निजामती कर्मचारी अस्पतालमा रहेको सेवाग्राहीको बढ्दो संख्यालाई व्यवस्थापन गर्ने उद्देश्यले स्थापना गरिएको यस सेवा इकाईले कर्मचारीहरूको स्वास्थ्य प्रवर्द्धन तथा कार्यसम्पादन क्षमतामा सकारात्मक योगदान पुग्ने विश्वास लिइएको छ।

प्रवक्ता

मितिः २०८३ आषाढ १९

**एकदेव अधिकारी**
**सहसचिव**